समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/११/११ बैठक संख्याः ३८

बैठक प्रारम्भ समयः विहानको ११:०० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

निर्णयहरु

१. नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने अनुदान आ. व. २०८०/८१ को पुस मसान्तसम्मको राजस्व संकलन अनुपातको आधारमा प्रक्षेपण गरिएकोभन्दा घटी हस्तान्तरण हुने सम्बन्धी महालेखा नियन्त्रक कार्यालयको च. नं. १०६ मिति २०८०/१०/२६ को पत्र सम्बन्धमा जानकारी भयो । सोही अनुपातमा प्रदेश सरकारबाट यस नगरपालिकामा प्राप्त हुने अनुदान समेत घटेर प्राप्त हुने भएकोले उक्त सम्बन्धमा अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने ।

२. खाँदबारी नगरपालिकाको बृहत्तर मनकामना विकास समिति नियमावली, २०७५ मा संशोधनको लागि पेश भएबमोजिम देहाय अनुसार संशोधन गर्ने ।

**देहायः**

| हाल भएको व्यवस्था | संशोधनबाट कायम भएको व्यवस्था |
|---|---|
| १२. उप-समिति गठन गर्न सक्ने :- (१) समितिले बृहत्तर मनकामना विकास समिति ऐन २०७५ को दफा ४ बमोजिम काम, कर्तत्व, दायित्व र अधिकार प्रयोग गरी सञ्चालन गर्नका लागि आवश्यकता अनुसार निम्न उप-समिति गठन गर्न सक्नेछ :<br>(क) सल्लाहकार समिति<br>(घ) गुरुकुल व्यवस्थापन समिति<br>(ग) घाट व्यवस्थापन समिति<br>(घ) बृद्धाश्रम व्यवस्थापन समिति<br>(ङ) धार्मिक पर्यटन, पर्यावरण तथा मेला, महोत्सव समिति | १२. उप-समिति गठन गर्न सक्ने :- (१) समितिले बृहत्तर मनकामना विकास समिति ऐन २०७५ को दफा ४ बमोजिम काम, कर्तत्व, दायित्व र अधिकार प्रयोग गरी सञ्चालन गर्नका लागि आवश्यकता अनुसार निम्न उप-समिति गठन गर्न सक्नेछ :<br>(क) सल्लाहकार समिति<br>(ख) गुरुकुल व्यवस्थापन समिति<br>(ग) घाट व्यवस्थापन समिति<br>(घ) बृद्धाश्रम व्यवस्थापन समिति<br>(ङ) धार्मिक पर्यटन, पर्यावरण तथा मेला, महोत्सव समिति<br>(च) अतिथि गृह एवं भोजन व्यवस्थापन समिति |

संशोधनबाट कायम भएको अतिथि गृह एवं भोजन व्यवस्थापन समितिको संयोजकमा सङ्खुवासभा जिल्ला पाँचखपन नगरपालिका वडा नं. ७ निवासी श्री बलराम थापालाई मनोनयन गर्ने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

३. मनकामनाधाममा मनकामना देवीको मन्दिर निर्माण समितिको विधान, २०८० पेश भएबमोजिम स्वीकृत गर्ने ।

४. खाँदबारी नगरपालिकाको आ. व. २०८०/८१ को लागि विनियोजित योजनाहरुको सम्झौता गर्ने म्याद २०८० चैत्र मसान्तसम्म कायम गर्ने र २०८१ जेष्ठ १५ गतेसम्म कार्यसम्पन्न गरी भुक्तानीको लागि पेश गरिसक्नुपर्ने साथै कार्यक्रमतर्फ सम्झौता गर्ने म्याद २०८१ बैशाख मसान्तसम्म कायम गर्ने र २०८१ जेष्ठ मसान्तसम्म कार्यसम्पन्न गरी भुक्तानीको लागि पेश गरिसक्नुपर्ने कायम गरी कार्यान्वयनको लागि नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

५. जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा खाँदबारी नगरपालिकाकोतर्फबाट सहभागिताको लागि नगरप्रमुख/नगरउपप्रमुख कोष तथा अन्य मिल्दोजुल्दो शीर्षकबाट रु. चार लाख खर्च गर्ने ।

६. देहायबमोजिमको खेलकुद कार्यक्रममा नगरप्रमुख/नगरउपप्रमुख कोष तथा अन्य मिल्दोजुल्दो शीर्षकबाट खर्च हुने गरी देहायबमोजिम सञ्चालन सहयोग गर्ने ।

**देहायः**

क. राष्ट्रियस्तरको मुख्यमन्त्रीकप भलिबल प्रतियोगिता खाँदबारी रु. चार लाख

ख. राष्ट्रियस्तरको सेपाक ताप्रो प्रतियोगिता खाँदबारी रु. एक लाख पचास हजार

ग. पांमाकप फुटवल प्रतियोगिता रु. एक लाख पचास हजार

घ. तीनपोखरीकप फुटबल प्रतियोगिता रु. पचास हजार

ङ. सित्तलपाटी टोल विकास संस्था, लामागाउँ फुटबल प्रतियोगिता रु. पचास हजार

च. सित्तलपाटीमा सञ्चालित शिक्षकहरुको भलिबल प्रतियोगिता रु. पचास हजार

छ. अन्य स्थानीय तहका खेलकुद प्रतियोगिताहरुमा खाँदबारी नगरपालिकाकोतर्फबाट सहभागिता रु. पचास हजार

७. भू-उपयोग ऐन, २०७६ बमोजिम नगरक्षेत्रभित्रका जग्गाहरु वर्गीकरण सम्बन्धमा छुट भएका जग्गाहरुको वर्गीकरणको लागि जग्गाधनीहरुको निवेदनसाथ वडा कार्यालयबाट हालसम्म पेश भएबमोजिम स्वीकृत गर्ने ।

८. खाँदबारी नगरपालिकामा एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड,२०७८ अनुसार खर्च गर्ने गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रकम माग गर्ने ।

९. प्रदेश सरकारबाट आ. व. २०८०/८१ मा यस नगरपालिकामा सञ्चालन हुने गरी अण्डरग्राउण्ड पार्किङ निर्माण, खाँदबारी न. पा. १ को लागि रु. ७५ लाख विनियोजन भई आएको तथा नगरपालिकाको पूर्वाधार

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय र आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

विकास शाखाबाट उक्त कार्यको लागि रु. १,१४,२३,९७०।२० को लागत अनुमान सहित पेश भई आएको हुँदा लागत अनुमानबमोजिमको नपुग रकम नगरपालिकाको समपूरक कोषबाट खर्च हुने गरी उल्लिखित कार्य अगाडी बढाउने।

१०. संघीय सरकार तथा प्रदेश सरकारबाट आ. व. २०८०/८१ मा विनियोजन भएका देहायका योजनाहरुमा नगरपालिकाको समपूरक कोषबाट खर्च हुने गरी कार्यक्रम सञ्चालन कार्यविधि अनुसार न्यूनतम तोकिएको प्रतिशत लागत साझेदारी गर्ने।

**देहायः**

क. किराँत राई संग्रहालय सौन्दर्यीकरण तथा प्रवर्द्धन, खाँदबारी न. पा. ४

ख. लिफ्टिङ खानेपानी आयोजना, खाँदबारी न. पा. ८

ग. सडक बोर्ड मार्फत सञ्चालित योजनाहरु, खाँदबारी नगरपालिका

११. खाँदबारी नगरपालिका वडा नं. १ मा निर्माणाधिन कवर्डहलको भेरीएशन आदेश सम्बन्धमा नगरपालिकाको पूर्वाधार विकास समितिले अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

१२. नगरक्षेत्रभित्र भवन निर्माण सम्बन्धी मापदण्ड अध्ययन गरी पेश गर्न देहायबमोजिम कार्यदल गठन गर्ने तथा उक्त कार्यदलले अध्ययन पूरा गरी काम शुरु गरेको एक महिनाभित्र कार्यालयमा प्रतिवेदन पेश गर्ने।

वडा नं. १ वडाध्यक्ष श्री निरञ्जन श्रेष्ठ - संयोजक

वडा नं. ३ वडाध्यक्ष श्री भरतकुमार घिमिरे - सदस्य

वडा नं. ९ वडाध्यक्ष श्री विमलराज गौतम - सदस्य

इन्जिनियर श्री विजयकुमार खड्का - सदस्य

सव - इन्जिनियर श्री अलेख कटुवाल - सदस्य

सहायक पाचौ श्री सुमनकुमार दाहाल - सदस्य

अमिन श्री मुना राई - सदस्य

१३. नगरक्षेत्रमा स्वास्थ्य विमा कार्यक्रम सञ्चालन कार्यविधि तयार गरी स्वास्थ्य विमा कार्यक्रम सञ्चालनमा सहयोगको लागि सामाजिक विकास समितिमार्फत आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

१४. खाँदबारी नगरपालिका वडा नं. २ को चेवा चारबरमा बसपार्क निर्माण प्रयोजनको लागि नि:शुल्क जग्गा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक कार्य सम्पन्न गरी पेश भईसकेकोले उक्त कार्यलाई नियमानुसारको प्रकृया पुर्‍याएर पूर्णता दिने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत